# ई-बुलेटिन

२५ वैशाख २०७७|बर्ष १| अंक १

## जिल्ला संकट व्यवस्थापन केन्द्र(District Level Crisis Management Center), सप्तरीका पदाधिकारीहरु

| पद | नाम | कार्यालय | सम्पर्क नम्बर |
|---|---|---|---|
| अध्यक्ष | सुनील खनाल | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय | ९८५२८५७७७७ |
| सदस्य | गुप्त बहादुर कुँवर | प्रमुख सेनानी, नेपाली सेना भिमदल गण | ९८४१३३०६२० |
| सदस्य | कृष्ण प्रसाई | प्रहरी उपरीक्षक, नेपाल प्रहरी | ९८५२८५५५५५ |
| सदस्य | उद्धव बहादुर न्यौपाने | सशस्त्र प्रहरी उपरीक्षक स.प्र.बल नेपाल ६ नं. गण | ९८५११२५२९१ |
| सदस्य | तिलक शर्मा प्रसाई | उपअनुसन्धान निर्देशक राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय सप्तरी | ९८५२०३०८६० |
| सदस्य | डा.चुमन लाल दास | मे.सु. गजेन्द्र नारायण सिंह अस्पताल राजविराज | ९८५२८२११५५ |
| सदस्य | दुनिया लाल यादव | प्रमुख, स्वास्थ्य कार्यालय सप्तरी | ९८५२८२१६०६ |
| सदस्य | गंगाराम साह | नि.जि.स.अ., जिल्ला समन्वय समिति सप्तरी | ९८४२८२०४७४ |
| सदस्य सचिव | आनन्द कुमार ठाकुर | प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय सप्तरी | ९८५२८२१५७७ |



## जिल्लामा रहेका क्वारेन्टीन स्थलहरुको विवरण

| सि.नं. | पालिकाको नाम | क्वारेन्टान संचालन रहेको स्थान | बेड क्षमता संख्या | सि.नं. | पालिकाको नाम | क्वारेन्टान संचालन रहेको स्थान | बेड क्षमता संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | राजविराज नगरपालिका | साई कृष्ण मेडिकल राजविराज न२ .पा. (३बाट .अ.सगरमाथा अ ) | २५ | ८ | सुरुङ्गा न.पा. | मशीलाल माकुशहा ५.पा.सुरुङ्गा न.वि. | २० |
| २ | कंचनरुप न.पा. | सर्बोदया मा८.पा.कंचनरुप न .बि. | १२ | ९ | हनुमाननगरकंकालनी नपा. | सामुदायिक भवनमा सखुवा हनुमाननगर नसखुवा ११.पा. | ३० |
| | | शंकर मा१२.पा.रुपनगर कंचनपुरुप न .बि. | १२ | | | राष्ट्रिय आधारभुत प्रा२.पा.सकरदेहि हनुमाननगर न.बि. | २० |
| | | दुर्गा आपा .बिधालय गोरपार कंचनपुरुप न भू. ११ | १२ | १० | अग्निसाईरकृष्ण सबरण गा.पा. | जनता मा१.पा.घोघिडा अग्निसायरकृष्णसवरण गा.बि. | २४ |
| | | बदगामा स्वास्थ्य चौकी कंचनरुप १०- | १० | ११ | छिन्नमस्ता गा.पा. | भगवति मन्दिरको चौरसिया धर्मशाला छिन्मस्ता गा३ .पा. | १५ |
| | | लक्ष्मीनारायण उबैरवा १.पा.न.बि क.मा. | २५ | १२ | महादेवा गा.पा. | भुपेन्द्र संस्कृत माछिन्नमस्ता .वि. | १० |
| | | राष्ट्रिय मा३ .पा.बनरैत कंचनरुप न .वि. | ७ | | | नर बहादुर जनता मा.बि.  महादेवा गा१.पा. पकरी | २५ |
| ३ | डाक्नेश्वरी न.पा. | कच उ५.पा.पातो डाक्नेश्वरी न.बि.म. | १२ | | | बथनाहा मा४.पा.महदेवा गा .बि. | २५ |
| ४ | बोदेबरसाईन न.पा. | चन्द्र उ.वि.मा. बौदेवर्साइनर स्वास्थ्य ५- ) चौकी समेत१ जना मुसलमान( | २५ | | | जामा मस्जित डिमन | ११ |
| | | जिवनदीप अस्पताल प्रालि. | ५ | १३ | सप्तकोशी न.पा. | गोबर्धन मा१ .पा.बि सप्तकोशि न. | २१ |
| ५ | खडक न.पा. | श्री मैना सहस्र बाहु स्वास्थ्य केन्द्र खडक नबजराहीगुठी ९ .पा. | २० | | | राष्ट्रिय जनता मा१० .पा.भगनि सप्तकोशी न .बि. | २१ |
| | | जनता माकल्याणपुर ९वि लालपट्टी . | २० | १४ | तिलाठी कोईलाडी गा.पा. | लक्ष्मि बल्भ नर्सिङ मा .वि.तिलाठी कोईलाडी गा ७ .पा. बभन्गामाकटी | ३५ |
| | | जामे मस्जित खडक नकल्याणपुर ९पा . | १५ | | | दुखमोचन ज्येष्ठ नागरिक बृद्ध आश्रम तिलाठी कोईलाठी गा१.पा. | २० |
| | | ईस्लामपुर मस्जिद खडक नकल्याणपुर ९.पा. | १५ | १५ | रुपनी गा.पा. | जनता माबस्बिटी .वि. रुपनी गा५ .पा. | ९ |
| | | सार्फी मस्जिद खडक न९ .पा. कल्याणपुर | १५ | | | लु.बि.मा .स.ल. तेरहौता रूपनि गापा ६ | १५ |
| | | नयाँ  बन्दै गरेको मस्जिद लालपट्टी सहित | १५ | | | जनता आधारभुत वि. रुपनी ४ छपकी | १० |
| | | भ६ .पा.खड्क न.बि.मा.ज.रा.स. कल्याणपुरु | १५ | १६ | बिष्णुपुर गा.पा. | जनता माईटहरी .वि. बिष्णुपुर ७ – | १५ |
| ६ | शम्भुनाथ न.पा. | बुद्दिलाल मुनर माभगतपुर ७शम्भुनाथ  .बि. | १० | १७ | बलान बिहुल गा.पा. | बलान बिहुल गामौवाहा १पा . | १८ |
| ७ | राजगढ गा.पा. | श्री जनता मा३.पा.नरगो राजगढ गा.बि. | २८ | १८ | तिरहुत गा.पा. | सरवस्ति  जनता मा.बि.  लोहजरा तिरुहुत गा५.प. | ४ |
| | | जमरियाजुल मदर्सा राजगढ गा६.पा. | २ | | | | |

## यस जिल्लामा कोभिड-१९ संक्रामक रोग रोकथाम र नियन्त्रणका लागि जिल्लामा सक्रिय संरचना/समितिहरु:

१. जिल्ला सुरक्षा समिति
२. जिल्ला विपद् व्यवस्थापन समिति
३. कमान्ड पोष्ट
४. जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र
५. क्वारेन्टाइन संचालन तथा व्यवस्थापन अनुगमन समिति
६. क्वारेन्टाइन संचालन तथा व्यवस्थापन समिति
७. पालिका/वडा स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र
८. पालिका/वडा स्तरीय राहत वितरण समिति

## यस जिल्लामा कोभिड-१९ संक्रामक रोग रोकथाम र नियन्त्रणका लागि भइरहेका कार्यहरु:

### जिल्ला सुरक्षा समितिका महत्वपूर्ण निर्णयहरू

**२०७६।११।२२**

- विभिन्न् नाकाहरूमा Health Desk स्थापना गर्ने निर्णय
- आवत जावत व्यवस्थित गर्न Counter Part बैठक बस्ने
- CORONA जोखिम नियन्त्रण गर्न होली पर्वमा सजग रहन , होली नखेल्न तथा पानीमा नभिज्न आग्रह
- CORONA VIRUS संक्रमण बारे जनचेतना जगाउन स्वास्थ्य कार्यालयलाई निर्देशन ।

## २०७६।१२।०७

- राजविराज स्थित साइ कृष्णा मेडिकल कलेजमा Quarentine निर्माण गर्ने निर्णय
- COVID- 19 रोकथाम र नियन्त्रणका लागि उच्च स्तरीय समितिको निर्णय कार्यान्यन गर्ने गराउने निर्णय

## २०७६।१२।०८

- कुनौली बाहेक अन्य सबै नाका बन्द गर्ने निर्णय ।

## २०७६।१२।०९

- सबै नाका बन्द गर्ने निर्णय । माल सामानको निर्बाध ढुवानी गर्ने व्यवस्था मिलाउने ।
- सशस्त्र प्रहरी बल नेपालको थप ३३२ जना जनशक्ति आपुर्ति माग गर्ने निर्णय ।

## २०७६।१२।११

- नेपाली सेनालाई आवश्यक सहयोग गर्न आग्रह
- पालिकाहरूले आफ्नो क्षेत्रभित्रका क्वारेन्टिनमा ल्याउनु पर्ने व्यक्तिहरूलाई एम्बुलेन्समार्फत सो स्थल वा ज्वरो आएकालाई अस्पतालसम्म ल्याउने व्यवस्था मिलाउन निर्देशन ।
- लक डाउनको कार्यान्वयन ।
- जिल्ला प्रशासन कार्यालयबाट पास उपलब्ध गराउने । Pass तथा निवेदन Online / Email बाट समेत आदान प्रदान गर्न सकिने ।
- सूचना सम्प्रेशण तथा अन्य सहयोगका लागि प्र. अ. आनन्द कुमार ठाकुरको संयोजकत्वमा उपसमिति गठन ।

## २०७६।१२।१३

- Comand Post गठन गर्ने ।

## २०७६।१२।१७

- Lock Down समयावधी थप भएकोमा सोको कार्यान्वयन गर्ने ।
- अलपत्र परेका मजदुरहरूलाई गृहसँग समन्वय गरी प्राप्त निर्देशनअनुसार गर्ने । उद्दार गर्ने ।
- आपुर्ति व्यवस्थापनलाई सहज बनाउने सम्बन्धी २०७६।१२।१७ को परिपत्र (गृहको) कार्यान्वयन गर्न सम्बन्धित पालिका / निकायहरूलाई लेखी पठाउने ।

## २०७६।१२।२५

- २०७६ चैत्र २५ गते सम्म लकडाउन सम्बन्धी आदेशको कार्यान्वयन गर्ने गराउने ।
- आपुर्ति व्यवस्थापनलाई सहज बनाउने सम्बन्धी २०७६।१२।१७ को परिपत्र तथा समय समयमा प्राप्त भएका अन्य निर्देशनहरु (गृहको) कार्यान्वयन गर्न सम्बन्धित सरोकारवालाहरुको समन्वयमा गर्ने ।
- COVID-19 रोग सङ्क्रमण, रोकथाम तथा नियन्त्रण सम्बन्धी जिल्लाका संयन्त्रहरूबाट भए गरेका क्रियाकलापहरूको समीक्षा तथा सन्तोषजनक पाइएको निश्कर्ष ।

## २०७६।१२।२७

- Patient Receiving Team गठन भई क्रियाशील रहेको अवस्थामा कोरोना संक्रमणका बिरामी ओसार पसार गर्दा ESCORTING को व्यवस्था मिलाउने ।
- यथाशिघ्र संकट व्यवस्थापन केन्द्रको बैठक राखी नयाँ वर्षको अवसरमा हुनसक्ने सम्भावित भीडभाड तथा जमघट हुने अन्य गतिविधिहरूमाथि सजगता तथा नियन्त्रण गर्ने व्यवस्था मिलाउने ।
- आपुर्ति व्यवस्था सहज गराउनको लागि सञ्चालित मालबाहक सवारी साधनहरुमा यदाकदा यत्रुहरुको ओसारपसार हुने गरेको भन्ने जानकारी प्राप्त भएकोले ट्राफिक प्रहरी तथा सुरक्षा कर्मीहरुलाई त्यसतर्फ सचेत रहन निर्देशन दिने र उक्त प्रकारका कार्यहरु नियन्त्रण गर्ने ।
- COVID 19 का कारण मृत्यु भएका ब्यक्तिहरु शव व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्यविधि २०७६ सम्बन्धी बैठकमा जानकारी गराइयो । कार्यविधिमा जिल्ला स्तरीय प्रारुपको कुनै उल्लेख नभएकोले आगामी संकट व्यवस्थापन केन्द्रको बैठकमा सो सम्बन्धमा थप छलफल गरी आवश्यक व्यवस्था मिलाउने ।

## २०७७।०१।०८

- लकडाउनको अवधीमा जिल्लाको वन क्षेत्रमा हुन सक्ने अबैध चोरी निकासी तथा अबैध गतिविधि नियन्त्रणका लागि डिभिजन वन कार्यालयको च.नं. ४९२ मिति २०७६।०९।२३ को पत्रानुसार लामो हतियार १० (दश) थान र गोली १५० राउण्ड डिभिजन वन कार्यालयलाई फिर्ता गर्ने ।
- जिल्लाका विभिन्न स्थान टोल वस्तीका सानो ठुलो बाटोघाटोमा बाँस डोरी तथा ढाट लगाइएको पाइएकोले सो हटाउने र धार्मिक सामाजिक सद्भावमा खलल पुग्ने कुनै किसिमको गतिविधी देखिएमा त्यस्तो गतिविधि नियन्त्रण गर्ने ।
- COVID-19 रोकथाम नियन्त्रणका लागि जिल्लामा भएका गतिविधी र गठित समितिहरुको कार्यको समिक्षा गरियो र उक्त कार्यहरु सन्तोषजनक रहेको निष्कर्ष सहित सुरक्षा व्यवस्थाको थप प्रभावकारी बनाउन निर्णय गरियो ।

### हालसम्म राहत वितरणको अवस्था (मिति २०७७।०१।२१ सम्मको विवरण)

| क्र.सं. | स्थानीय तहको नाम | राहत वितरण घर परिवार संख्या | क्र.सं. | स्थानीय तहको नाम | राहत वितरण घर परिवार संख्या |
|---|---|---|---|---|---|
| १ | राजविराज | ९१४१ | १० | अग्नीसाईर कृष्णासवरण | २८१३ |
| २ | कंचनरुप | ५९९३ | ११ | छिन्नमस्ता | ० |
| ३ | डाक्नेशवरी | १८६९ | १२ | महादेवा | २१४० |
| ४ | बोदेबर्साईन | २२७० | १३ | सप्तकोशी | १९०४ |
| ५ | खडक | ४३७७ | १४ | तिलाठी कोइलाडी | ५२८१ |
| ६ | शम्भुनाथ | ७२०२ | १५ | रुपनी | २२१० |
| ७ | राजगढ | ३६१० | १६ | विष्णुपुर | ११३० |
| ८ | सुरुङ्गा | ३५९६ | १७ | बलान बिहुल | ० |
| ९ | हनुमाननगर | ३९५१ | १८ | तिरहुत | २७३५ |

# जिल्ला विपद् व्यवस्थापन समितिका महत्वपूर्ण निर्णयहरू

## २०७६।१२।०४

- प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश न. २ बाट मिति २०७६।१२।०३ को बैठकबाट भएको १३ बुंदे निर्णयको जानकारी र निर्णय निर्देशनहरु कार्यन्वयन गर्ने गराउने ।
- कोभिडसँग जिल्लामा सम्पादित कार्यहरुको समिक्षा र कार्यमा थप तिब्रता ल्याउने ।
- साइकृष्णा मेडिकल क्लेजको पुरानो भवनमा क्वारेन्टाइन स्थल बनाउन राजविराज नगरपालिकाले आबश्यक कार्वाही गर्न प्राविधिक सहयोग स्वास्थ्य कार्यालय लगायत सम्बन्धित कार्यालयहरुले गर्ने ।

  यस सम्बन्धमा सर्वोच्च अदालतको २०७६।०१।०९ को फैसला तत्काल कार्यन्वयन गर्ने गराउने ।
- गजेन्द्र नारायण सिंह अस्पतालमा आइ.सि.यू. सेवा संचालनका लागि स्वास्थय तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने साथै अस्पतालले हाल कायम रहेको ४ वटा आइसोलेशन वेडको उपलब्धतालाई यथासम्भव बढाउने ।
- जिल्लाका निम्न अस्पतालहरुमा निम्न बमोजिम आइसोलेशन वेड र आ.सि.यू. तयारी अवस्थामा राख्न अनुरोध गर्ने ।
  - युनिक अस्पताल आ.सि.यू. ५ र आइसोलेशन वेड २०
  - छिन्नमस्ता अस्पताल आ.सि.यू. ८ र आइसोलेशन वेड १०
  - प्रहरी अस्पताल रुपनी यथा सम्भव क्वारेन्टाइन बनाउने ।
- आपूर्ति व्वस्थापन र कालो बजारी नियन्त्रणको लागि स्थानिय तहले बजार अनुगमन सक्रिय बनाउने तथा उक्त कार्यमा जिल्ला प्रशासन कार्यालय ससरी, ससरी उ. वा. सघं र स्थानीय प्रहरीले आवश्यक सहयोग उपलब्ध गराउने ।
- स्थानीय तहले आफ्नो पालिका क्षेत्रमा COVID – 19 सम्बन्धी सचेतनामूलक प्रचार प्रसार विभिन्न माध्यमबाट सञ्चालन गर्ने गराउने ।
- जिल्ला स्थित सम्पूर्ण सरकारी कार्यालयहरू, निजि क्षेत्रका सम्पूर्ण कार्यालयहरू, सार्वजनिका निकायले आफ्नो कार्यालयमा साबुन पानीले हात धुने व्यवस्था मिलाउने, भीडभाड नगर्न प्रचार प्रसार गर्ने
- सबै पालिका हरुले आफ्नो क्षेत्र भित्र Quarantine का लागि उपयुक्त स्थान छनोट गरी तयारी भएपश्चात सो को जानकारी गराउने ।
- Isolation मा राख्नु पर्ने बिरामीलाई थप उपचारका लागि गजेन्द्र नारायणसिंह अस्पताल वा तोकिएका अन्य अन्य अस्पतालमा लैजान आवश्यक प्रवन्ध मिलाउन स्वास्थ्य कर्मी वा स्थानीय प्रहरीको सहयोगमा गर्ने गराउने ।
- AirPort को Health Desk मा Boarding Pass धारक यात्रुहरूलाई थप सुरक्षा जाँच प्रक्रियामा सामिल गराउन सुरक्षाकर्मीहरूलाई निर्देशन दिने ।
- सीमा क्षेत्रमा आवागमन लाई व्यवस्थित बनाउन Health Desk भएको स्थानबाट मात्र हुने गरी सुरक्षाकर्मीलाई निर्देशन दिने ।
- SEE परीक्षामा भीडभाड नगर्न अविभावक तथा सर्वसाधारणलाई अनुरोध गर्ने । यथासम्भव सबै विद्यार्थीहरूका लागि हात धुने व्यवस्था मिलाउने
- पालिकास्तरीय QRT लाई सकृय बनाउने ।
- सबै पालिकाहरूमा यथाशिघ्र CORONA प्रतिकार कार्ययोजना तयार गर्ने गराउने ।
- स्वास्थ्य कार्यालय, स्थानीय तह र स्थानीय प्रहरी मार्फत एम्बुलेन्सको सञ्चालकहरुसँग समन्वय बैठक राख्ने ।

## २०७७।०१।१५

- **COVID-19** नियन्त्रण र रोकथामसँग सम्बन्धित स्वास्थ्य कार्यालय, गजेन्द्र नारायण सिंह सगरमाथा अंचल अस्पताल र जिल्ला प्रशासन कार्यालयद्वारा विगतका दिनहरुमा संचालित गतिविधि, जिल्ला स्तरमा भए गरेका काम र समन्वयको सम्बन्धमा आजको यस बैठक मार्फत सहभागी सबैमा जानकारी गराइयो । त्यसैगरी, विभिन्न पालिकाहरुद्वारा यस सम्बन्धमा विगतका दिनहरुमा संचालित गतिविधिको जानकारी यस बैठक मार्फत सबैमा गराउनुका साथै पालिकाहरुबाट पेश भएका समस्या एवं सुझावहरु उपर छलफल गरियो ।
- प्रदेश सरकार, प्रदेश नं. २ बाट जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयबाट प्रयोग गर्ने गरी उपलब्ध गराइएको चार (४) थान अस्थायी पोर्टेबल शौचालय आगामी दिनमा आवश्यकता एवं औचित्यको आधारमा जिल्ला प्रशासन कार्यालयले उपयुक्त स्थान वा वा कार्यालयमा पठाउने
- बन्दाबन्दी खुले पश्चात पालिकामा आउन सक्ने व्यक्तिहरुको लगत संकलन गर्नुका साथै तिनीहरुको व्यवस्थापनका लागि उपयुक्त योजना अग्रिम रुपमा बनाउन जि.स.स. को समन्वयमा सबै पालिकाहरुलाई जिल्ला संकट व्यवस्थापन केन्द्रको निर्णयानुसार अनुरोध गरिएकोमा उक्त कार्यलाई संवेदनशीलताका साथ द्रुत गतिमा सबै पालिकाले संचालन गर्ने/गराउने ।
- काठमाण्डौं लगायत देशका विभिन्न स्थानहरुबाट आफ्नो घर फर्किने व्यक्तिहरुको क्रम बढ्दो छ । त्यस्ता व्यक्तिहरुलाई सम्बन्धित पालिकाहरुमा क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाइएको छ । तर त्यसरी आउने व्यक्तिहरुमा विदेशबाट आएका व्यक्तिहरु पनि हुन सक्ने भएकाले त्यस्ता व्यक्तिहरुको तथा भारत सहित अन्य देशहरुबाट हालसालै फर्किएका र घरमै बसी रहेका व्यक्तिहरुले लगत द्रुत गतिमा सबै पालिकाहरुले संकलन गरी स्वास्थ्य कार्यालयको समन्वयमा अनिवार्य रुपमा PCR परीक्षण गर्ने/गराउने ।
- प्रदेश सरकार प्रदेश नं. २ आन्तरिक मामिला तथा कानून मन्त्रालयको मिति २०७६।१२।०९ च.नं. ७२८ को पत्रबाट COVID-19 को संक्रमण रोकथाम एवं जोखिम न्यूनीकरण पूर्व तयारीका लागि आवश्यक सामग्री, उपकरण लगायत अत्यावश्यक व्यवस्थापन कार्यका लागि जिल्ला विपद् व्यवस्थापन कार्यकारी समितिको निर्णयानुसार खर्च गर्ने गरी रकम रु. ५०,०००००।– (पचास लाख) प्राप्त भएकोमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक तत्काल राख्ने अवस्था नरहेको परिस्थितिमा जिल्ला संकट व्यवस्थापन केन्द्र/जिल्ला प्रशासन कार्यालयको निर्णयबाट खर्च गरिएको तपसिल बमोजिमको रकमको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

### तपशिल

| | | |
|---|---|---|
| १ | नेपाल प्रहरी कार्यालय, सप्तरी | ७,००,०००।–(सात लाख) |
| २ | नेपाली सेना, भिमदल गण, सप्तरी | ७,००,०००।–(सात लाख) |
| ३ | सशस्त्र प्रहरी बल नेपाल, नं. ६ गण, सप्तरी | ७,००,०००।–(सात लाख) |
| ४ | राष्ट्रिय अनुसन्धान, जिल्ला कार्यालय सप्तरी | १,००,०००।–(एक लाख) |
| ५ | सशस्त्र प्रहरी नेपाल दन्तकाली विशेष कार्य तालिम शिक्षालय, सप्तरी । | २,००,०००।–(दुई लाख) |
| ६ | २ नं. प्रदेश प्रहरी तालिम सप्तरी । | २,००,०००।–(दुई लाख) |
| ७ | गजेन्द्र नारायण सिंह अस्पताल राजविराज, सप्तरी । | १,००,०००।–(एक लाख) |
| ८ | जिल्ला स्वास्थ्य कार्यालय, सप्तरी । | १,००,०००।–(एक लाख) |
| ९ | जिल्ला प्रशासन कार्यालय, सप्तरी । ………… | ३,३९,२५०।–(तीन लाख उन्नचालिस हजार दुई सय पचास) |

- निर्णय नं. ५ मा उल्लेख भए बमोजिम प्राप्त रकम मध्ये बाँकी रकम खर्चका लागि समेत पटक पटक यस समितिको बैठक वर्तमान अवस्थामा राख्न उपयुक्त नहुने देखिएकोले उक्त रकम मध्ये बाँकी रकम आवश्यकतानुसार जिल्ला प्रशासन कार्यालयको निर्णयबाट खर्च गर्ने/गराउने ।
- विभिन्न स्थानिय तह र विकास निर्माण संचालन गर्ने विभिन्न कार्यालयहरुबाट जिल्लामा संचालित हुने विभिन्न विकास निर्माणसँग सम्बन्धित योजनाहरु हाल रोकिएकोमा केन्द्रीय निर्णयबाट यस जिल्लामा समेत केही योजनाहरु संचालन हुन लागेको हुँदा यस जिल्लामा विभिन्न पालिका र विकास निर्माण सँग सम्बन्धित कार्यालयहरुको योजनाहरु संचालन गर्ने/गराउने सम्बन्धमा गृह मन्त्रालयलाई निर्देशन माग गर्ने ।
- गृह मन्त्रालय, विपद् अध्ययन जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखाको च.नं. २२१ मिति २०७७।१।१४ को पत्र मार्फत प्राप्त जानकारी आजको यस बैठक मार्फत सहभागी सबैलाई जानकारी गराउँदै मनसुन पूर्व तयारीको सम्बन्धमा यस समितिको विभिन्न मितिको बैठकबाट भएका निर्णयहरु कार्यान्वयन गर्ने गराउने निर्णय गर्दै मनसुनजन्य विपद् जोखिम न्यूनीकरणका लागि सबै पालिकाहरुले आवश्यक पुर्वतयारी गर्ने/गराउने।

## जिल्ला सुरक्षा समिति र सरोकारवालाहरूसँग समन्वयामक बैठकहरू

### २०७६।१२।०७ (सार्वजनिक यातायात व्यवसायीहरुसँग)

- कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण उच्च स्तरीय समन्वय समितीको आठौं बैठकको सम्बन्धमा जानकारी गराईयो । साथै सम्पूर्ण सरोकारवालाहरुले आ-आफ्नो क्षेत्रबाट उक्त निर्णय कार्यान्वयन गर्न प्रतिबद्धता व्यक्त ।
- सार्वजनिक यातायातमा क्षमता भन्दा बढी यात्रु नबोक्ने तथा सवारी साधनलाई नियमित रुपमा सेनिटाइजेसन गर्ने ।
- ग्यासको आपूर्ति बढाउन औपचारिक तथा अनौपचारिक माध्यमबाट जिल्ला प्रशासन कार्यालय र सम्बन्धित डिलरहरुले पहल गर्ने ।
- गृह मन्त्रालय र प्रदेश सरकारबाट विभिन्न मितीमा प्राप्त परिपत्रको जानकारी तथा कार्यान्वयन गर्ने गराउने ।
- अनावश्यक रुपमा हुने आवागमन तथा Panic Buying लाई आ-आफ्नो क्षेत्रबाट निरुत्साहित गर्न पहल गर्ने ।
- हात धुने र सेनिटाइजर प्रयोग गर्ने तथा उच्च स्वच्छता कायम गर्न सर्बत्र पहल गर्ने ।

### २०७६।१२।०९(उद्योग वाणिज्य प्रतिनिधी, स्थानीय प्रतिनिधी लगायत सँग)

- अत्यावश्यक कार्यका लागि बाहेक घर बाहिर ननिस्कन,सरकारी/सार्वजनिक/निजी कार्यालयहरुमा अत्यावश्यक नभई नजान ठुलो संख्यामा भेला नहुन, पंचैती मेलमिलाप सम्बन्धी कार्य नगर्न भोजभतेर आयोजना नगर्न भिडभाडबाट टाढा बस्न, धार्मिक भेलाहरु नगर्न मठमन्दिर, गुम्बा तथा मस्जिदहरुमा नियमित पूजापाठका बाहेक गतिविधि नगर्न जिल्लावासीलाई आह्वान गर्ने ।
- हाटबजार फराकिलो स्थानमा लगाउने, साप्ताहिक हाटबजारलाई दैनिक गर्ने नियमित सरसफाइ गर्ने

र सबै स्थानहरुमा हातधुने व्यवस्था मिलाउन स्थानीय तहलाई अनुरोध गर्ने ।

- जिल्लाका होटेल, मोटेल, रिसोर्ट, मदिरापसल, रेष्टुरेन्टलाई तत्कालका लागि बन्द गर्ने वा संचालन गरिएमा सेनिटाइजर, थरमल गन सहितको स्वास्थ्यकर्मीबाट अनिवार्य चेकजाँच र सरसफाईको व्यवस्था मिलाएर मात्र गर्न सरोकारवालालाई अनुरोध गर्ने ।
- अत्यावश्यक वस्तु सेवा विक्रीवितरण गर्ने पसल, व्यापारिक प्रतिष्ठान बाहेक अन्य बन्द गर्न उद्योग वाणिज्यलाई अनुरोध गर्ने ।

## २०७६।१२।१० (स्थानीय तह प्रमुख/प्रतिनिधिसँग)

- यस महिनाभित्र भारत लगायत अन्य मूलुकबाट घर फर्कि आएका वा नयाँ व्यक्तीहरुको सूचना स्थानीय निकायलाई तत्काल प्राप्त हुनेगरी तत् निकायले तत्काल संस्थागत क्षमता, संरचना तयार गरी त्यस्ता व्यक्तीलाई १४ दिन सम्म क्वारेन्टाइनमा अनिवार्य रुपमा राख्ने व्यवस्था मिलाउने ।
- सबै पालिकाहरुले तत्काल क्वारेन्टाइन संचालनमा ल्याउने र सोको जानकारी जिल्ला प्रशासन कार्यालय, स्थानीय प्रहरी र स्वास्थ्य कार्यालयलाई सम्बन्धित पालिकाहरुले गर्ने गराउने ।
- क्वारेन्टाइन स्थलको सुरक्षार्थ जिल्ला प्रहरी कार्यालय सप्तरीलाई अनुरोध गर्ने ।
- क्वारेन्टाइनमा भएका व्यक्तीहरुको स्वास्थ्य जटिलता पाइए जिल्ला भित्रका Isolation/ICU भएका अस्पतालमा रिफर गर्ने प्रबन्ध मिलाउने ।
- सबै पालिकाहरुले कोरोना प्रतिकार कार्य योजना बनाई अनिवार्य रुपमा कार्यान्वयन गर्ने र सोको जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वातावरण तथा विपद् शाखा र जिल्ला प्रशासन कार्यालयमा पठाउने ।

## २०७६।१२।११(स्थानीय तह प्रमुख/प्रतिनिधि, स्वास्थ्य कार्यालय प्रमुख तथा मे.सु.)

- सबै पालिकाहरुले अस्पताल वा क्वारेन्टाइन सम्म लैजानका लागि एम्बुलेन्सको व्यवस्था आफैले गर्नु पर्ने ।
- पालिकाहरुले अनिवार्य रुपमा क्वारेन्टाइनमा राखिएका व्यक्तीहरु सम्बन्धी विवरण दैनिक रुपमा स्वास्थ्य कार्यालयमा पठाउने र स्वास्थ्य कार्यालयले सो विवरण एकमुष्ट गरी जिल्ला प्रशासन कार्यालयमा पठाउने ।

## २०७६।१२।१४(व्यापारी, पत्रकार, स्थानीय तह प्रमुख/प्रतिनिधि सँग)

- खाद्यान्नको होम डेलिभरी गर्न इच्छुक विक्रेताहरुलाई डेलिभरी भ्यान, पिकअप मार्फत सप्लाइ गर्न अनुमती दिने र जिल्ला प्रशासन कार्यालयले सोका लागि पास उपलब्ध गराउने ।
- विक्रेताले अनलाइन, SMS वा फोनबाट माग संकलन गर्ने त्यसका लागि आफ्नो फोन नं. अनलाइन माध्यम वा ठेगाना सार्वजनिक गर्ने ।
- राजविराजको राज रंगशालामा विहान ६ देखि ९ सम्म दैनिक रुपमा पसल पसलको भौतिक दुरी कायम गरी हाट संचालन गर्ने ।

# कमान्ड पोष्टका बैठक र सोका निर्णयहरुः

## २०७६/१२/१३

- क्वारेन्टाइन स्थलहरुको अनुगमन स्थलगत रुपमा गर्ने

## २०७६/१२/१९

- मुख्यमन्त्रीको कार्यालय प्रदेश सरकार, प्रदेश नं. २ बाट मिती २०७६/१२/१८ मा आयोजना भएको प्रमुख जिल्ला अधिकारी लगायतको बैठकमा छलफल भएका विषयहरु तथा सो बैठक मार्फत प्राप्त निर्देशनहरु सम्बन्धमा प्र.जि.अ. बाट जानकारी ।
- खुल्ला सिमाना भएका कारणले लुकिछिपी भारतबाट नेपाल प्रवेश गर्ने व्यक्तीहरुलाई क्वारेन्टाइनमा पठाउन कमान्ड पोष्टकै सक्रियतामा पहल गर्ने निर्णय ।

## २०७६।१२।२१

- CCMC को गठन ।
- राहात वितरणमा सहजीकरण तथा तिब्रताका लागि जिल्लाका सबै स्थानीय तहका प्रमूख हरूसँग समन्वय बैठक गर्ने ।

## २०७६/१२/२५

- जिल्ला विपद् व्यवस्थापन कोषका लागि प्राप्त रकम विभिन्न सुरक्षा निकाय तथा गजेन्द्र नारायण सिंह अस्पताल र स्वास्थ्य कार्यालय सप्तरीलाई जम्मा रु.२८०००००।– प्रदान गर्ने र सोको अनुमोदन आगामी जिल्ला विपद् व्यवस्थापन समितीको बैठकबाट गराउन (हाल जिल्ला विपद् व्यवस्थापन समितीको बैठक बस्न असम्भव भएकोले )
- २०७६/१२/२६ मा एम्बुलेन्स सेवा संचालन समितीको बैठक राख्ने ।

## २०७६/१२/३०

- जिल्ला सुरक्षा समितिबाट जिल्लाभित्र कुनै मेला वा पर्वका अवसरमा तथा कुनै मन्दिर मस्जिद, गुम्बा लगायतमा कुनै प्रकारको भेलाजम्मा हुने वा भीडभाड हुन नदिने गरी बिगतमा निर्णय भए अनुरुप नयाँ वर्ष २०७७ को उपलक्ष्यमा हुने भेला वा भीडभाड हुने सम्भावना लाई दृष्टिगत गरी सो सम्बन्धमा विशेष सजगता अपनाई समन्वयात्मक रुपमा सम्पूर्ण सुरक्षा निकायहरु परिचालित हुने ।
- जिल्लामा हुने प्रत्येक दिनको RDT REPORT २ वजे भित्रै जिल्ला स्वास्थ्य कार्यालयमार्फत सुचना सकलन गर्ने र सोको जानकारी जिल्ला प्रशासन कार्यालयलाई दिने ।

## २०७७/०१/२२

- राजविराज नगरपालिकाद्वारा हाल क्वारेन्टीनको रूपमा प्रयोगमा ल्याइएको राज विराज नगरपालिका वडा नं. २ स्थित साई कृष्णा मेडिकल कलेजको पुरानो भवनमा आवश्यकता अनुसार मर्मत सम्भार लगायतका कार्य गरी स्तरोन्नती गरी प्रदेशस्तरीय क्वारेन्टीन बनाउन उपयुक्त हुने देखिएकोले सोही आधारमा उल्लेख भए बमोजिमका आवश्यक कार्यहरू प्रदेश सरकारबाट गरि गराई उक्त साई कृष्णा मेडिकल कलेजको भवनलाई प्रदेशस्तरीय क्वारेन्टीनको रूपमा कायम हुन सामाजिक विकास मन्त्रालय प्रदेश सरकार, २ नं. प्रदेशलाई अनुरोध गर्ने निर्णय गरियो ।

## जिल्ला स्तरीय CCMC का बैठक र सोका निर्णयहरुः

### मिति २०७६/१२/२२ गते

- गजेन्द्र नारायण सिंह अस्पताल, यूनिक हस्पिटल र छिन्नमस्ता हस्पिटललाई मापदण्ड अनुसारको Isolation / ICU को व्यवस्था मिलाउने अनुरोध गर्ने
- स्वास्थ्य कार्यालयलाई जिल्ला भित्र रहेका सबै किसिमका एम्बुलेन्सहरुको लगत संकलन गरी जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराउने ।
- PRT को गठन ।

### मिति २०७६/१२/२६

- एम्बुलेन्स सेवा निर्वाध एवम् सहज रुपमा संचालन गर्ने सम्बन्धमा यस कार्यालयले तयारी हालतमा राखेको दुई वटा एम्बुलेन्स २४ सै घण्टा Stand By राख्ने र उक्त एम्बुलेन्सहरु प्रयोग विहिन भएका दिनहरुका लागि न्यूनतम खर्च रु १००० सम्बन्धित स्वास्थ्य कार्यालय मार्फत उपलब्ध गराउने ।
- PRT मा सदस्य थप गरी देहाय अनुसार सदस्य रहने व्यवस्था मिलाउने ।

क. भागवत यादव, जनस्वास्थ्य निरिक्षक
ख. हरिभक्त निरौला, स.प्र.नि.
ग. सचिदानन्द यादव, प्र.स.नि.
घ. निर्मल दाहाल, सेनानी
ङ. गंगाराम साह, नि.जि.स.अ.

### मिति २०७७/०१/०१

- प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं २ जनकपुरधामको मिति २०७६।१२।३० च.नं. ७६८ को पत्र सम्बन्धमा जानकारी गराइयो । सो बमोजिम संक्रमण विस्तार तथा अन्य जोखिम बढ्न सक्ने कुनै पनि सम्भावना देखिन आएमा सम्भावित श्रोतहरु पहिचान एंव विश्लेषण गरी प्रचलित कानून बमोजिम सिलबन्दी तथा निषेधित क्षेत्र तोक्ने व्यवस्थापन गर्ने लगायतका कार्य संचालन गर्ने गराउने निर्णय गरियो ।
- सोही पत्रानुसार सामाजिक संजालहरुमा व्यक्ति वा संस्थाको चरित्र हत्या हुने खालका वा सामाजिक सद्भाव बिग्रन सक्ने खालका कुनै पनि संप्रेषण वा गतिविधी उपर विशेषतः नेपाल प्रहरीले उच्च सतर्कता एवं निगरानी बढाइ त्यसो भए गरेको पाइएमा नियमानुसार कारवाही गर्ने ।

### मिति २०७७/०१/०३

- RDT पोजेटिभ देखिएका २ जना लगायत अन्य ७ जनाको PCR टेस्टको लागि पठाइ सकिएकोमा PCR रिपोर्ट पोजेटिभ देखिएमा तपशील बमोजिम गर्ने गराउने निर्णय गरियो ।

1. तिलाठी कोइलाडी गा पा १ र खडक न पा १ मा मानिसहरुको आवत जावतलाई पुर्ण रुपमा बन्द गर्ने ।
2. उक्त क्षेत्रहरुमा अत्यावश्यक भइ सर्वसाधारणलाई पर्न सक्ने समस्याप्रति सोही स्थानमा खटिएका सुरक्षाकर्मी मार्फत समाधान गर्ने र सो कार्य असम्भव भएमा यस समितिलाई जानकारी गराउने ।
3. RDT पोजेटिभ भएका परिवार र सम्पर्कमा रहेका व्यक्तिहरुको समेत

RDT गर्ने र सम्बन्धित व्यक्तिहरुको Contact Tracing र Tracking सम्बन्धी कार्य क्रमशः गर्दै जाने ।

4. RDT पोजेटिभ भई आइसोलेसनमा राखिएका व्यक्तिको परिवारहरुलाई होम क्वारेन्टिनमा राख्ने निगरानी गर्ने ।

- गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको मिति २०७७।०१।०२ च.नं. ३५४३ बाट लेखी आए बमोजिम अनुमति बिनाका सवारी साधनबाट मानिसहरु ओसार पसार गरिएको पाइएमा सो कार्य कडाइका साथ रोक्ने तथा पैदल यात्रीहरु समेत जो जहा छन् त्यही राख्ने रहने व्यवस्था मिलाउनका लागि थप सुरक्षाकर्मी परिचालित गर्ने । कोशो ब्यारेज क्षेत्र र बलान पुल क्षेत्रमा नेपाल प्रहरीले कडा सुरक्षा व्यवस्था मिलाउने ।
- मिति २०७७ वैशाख ३ गते सम्म लागु भएको लकडाउनलाई २०७७ वैशाख १५ सम्म तोकिएकोमा सो को कार्यान्वयन गर्न निर्णय गरियो ।
- मिति २०७७ वैशाख ३ गते सम्म लागु भएको अन्तर्राष्ट्रिय सीमा नाका बन्द गर्ने निर्णय २०७७ वैशाख १८ सम्म तोकिएकोमा सो को कार्यान्वयन गर्न निर्णय गरियो ।
- गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको मिति २०७७।०१।०२ च.नं. २५५० को पत्रमा उल्लेख भए बमोजिम स्थानीय स्तरमा उत्पादित तरकारीलाई नजिकको संकलन केन्द्रमा संकलन तथा बिक्री वितरणलाई लकडाउन र स्वास्थ्य सतर्कता प्रतिकुल नहुने गरी सहजीकरण गर्ने निर्णय गरियो ।
- यस जिल्लामा चर्च ५ धर्मशाखा २ र मस्जिद मदरसा जम्मा १३९ रहेको उक्त मस्जिद मदरसा मध्ये दुई स्थानमा यस समितिको जानकारिमा क्वारेन्टिन गरिएका ३४ जना बाहेक अन्य कुनै मस्जिदमा रेखदेखका लागि खटाइएका १/२ जना बाहेक अन्य कोही नरहेको विवरण पेश हुन आएकोले सोही व्यहोरा सम्बन्धित निकायलाई जानकारी गराउने निर्णय गरियो ।

## मिति २०७७/०१/०६

- उदयपुर जिल्लामा PCR पोजेटिभ देखीएका जमाती मुस्लिमहरुलाई यात्रा गर्दा बसेको सप्तरी जिल्लाका मस्जिदहरु शील गर्ने ।
- उदयपुरका PCR पोजेटिभ देखिएका व्यक्तिहरुको सम्पर्कमा रहेका व्यक्तिहरु मौलाना भान्से चौकीदार आदीका RDT तथा PCR गर्ने र प्राप्त रिपोर्ट अनुसार थप प्रक्रिया अघि बढाउने ।
- जिल्लामा रहेका सम्पूर्ण जमातीहरुको क्रमशःPCR गरी सम्बन्धित गाउँ नगरपालिकाको क्वारेन्टीनमा पठाउने आवश्यक व्यवस्था मिलाउन पालिकाहरुलाई अनुरोध गर्ने ।
- उक्त जमातीका परिवारका सदस्यहरु तथा सम्पर्कमा आएका छिमेकीहरुको RDT लिई सो को रिपोर्टका आधारमा थप प्रक्रिया अगाडी बढाउने होम क्वारेन्टिनमा रहन निर्देशन दिने ।
- पहिलो र दोश्रो बुँदामा उल्लेखित व्यक्तिहरुसँग सम्पर्कमा आएका व्यक्तिहरुको Contact Tracing को आधारमा थप RDT गर्दै जाने ।
- PCR का लागि बोदेबर्साइन क्षेत्रमा नेपाली सेनाको स्वास्थ्य टोली खटाइदिन नेपाली सेनालाई अनुरोध गर्ने ।
- सप्तरी र उदयपुर जिल्ला आवत जावतलाई नियन्त्रण गर्ने ।

## मिति २०७७/०१/१२

- आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं २ को च.नं. २८८ मिति २०७७।०१।१० को पत्रबाट लेखी आए बमोजिम देशका विभिन्न स्थानहरुबाट जिल्ला भित्र आउने तथा अन्तर्राष्ट्रिय सीमाबाट अनाधिकृत तवरले आउने व्यक्तिहरुलाई अनिवार्य रुपमा १४ दिन सम्म क्वारेन्टीनमा राखे सम्पुर्ण पालिकाहरुलाई अनुरोध गर्ने र सो कार्य सहजीकरणका लागि जि.स.स. लाई अनुरोध गर्ने ।
- बलान नदी तथा कोशी ब्यारेजबाट जिल्ला प्रवेश गर्ने आगन्तुकलाई अनिवार्य क्वारेन्टिनमा राखे शर्तमा सम्बन्धित पालिका प्रमुखको जिम्मा लगाई मात्र प्रवेश गर्न दिने गरी सुरक्षा निकायलाई निर्देशन दिने ।
- लकडाउन खुलेपछि रोजगारी तथा अन्य शीलशिलामा भारत लगायत अन्य देशबाट के कति संख्यामा व्यक्तिहरु जिल्ला फर्कने सम्भावना रहेको छ । सबै पालिकाहरुले त्यस्तो तथ्यांक संकलन गर्ने र लकडाउन खुलेपछि त्यस्ता व्यक्तिहरुलाई क्वारेन्टिनमा राखे गरी व्यवस्था सम्पुर्ण पालिकाहरुलाई अनुरोध गर्ने र सो कार्य सहजीकरणका लागि जि.स.स. लाई अनुरोध गर्ने ।
- २७ नं बाहिनी अड्डा चोहर्वा ब्यारेक सिरहाको प.स.१५६८९अप्स।कोरोनाभाइरस।०७६७७।५३१ मिति २०७७।०१।०९ को श्री भीम दल गण राजविराज सप्तरीलाई पठाइएको पत्र बमोजिम उक्त भीम दल गणबाट पेश हुन आएको योजना हाललाई अनुमोदन गर्ने निर्णय गर्दै निर्णय नं ३ बमोजिमको तथ्यांक संकलन पश्चात आवश्यकतानुसार उक्त योजना परिमार्जित गर्ने गराउने निर्णय गरियो ।

## मिति २०७७/०१/१७

- युनिक अस्पताललाई कोभिड १९ रोगी उपचारका लागि Dedicated अस्पताल बनाउन उपयुक्त हुने देखिन्छ । रोगीको उपचार प्रारम्भ भएदेखि अस्पताल प्रशासनलाई सो अस्पताल फिर्ता नगरिए सम्म अस्पताल संचालनको क्रममा हुने सम्पूर्ण खर्च (अस्पतालमा उपलब्ध हुने साधन बाहेक उपचारका लागि अन्य कुनै केही श्रोत साधन आवश्यक भएमा सो समेत) प्रदेश सरकारले व्यहोर्ने शर्तमा सम्बन्धित अस्पताल उक्त अस्पताल उपलब्ध गराउने प्रतिबद्धता आजको यस बैठक मार्फत पेश गरेको हुँदा सोही व्यहोरा प्रदेश सरकार प्रदेश नं २ सामाजिक विकास मन्त्रालयलाई जानकारी गराउँदै सोही बमोजिमको स्वीकृतिका लागि अनुरोध गर्ने निर्णय गरियो ।

## क्वारेन्टीन संचालन तथा व्यवस्थापन समितिको निर्णय

## मिति २०७६।१२।१७

- क्वारेन्टीन संचालन तथा व्यवस्थापन समितिको देहायको पदाधिकारी रहने

प्रशासकीय अधिकृत किशोर कुमार राम संयोजक, जिल्ला प्रशासन कार्यालय सप्तरी

प्रहरी निरीक्षक संतोष कुमार खडका सदस्य, नेपाल प्रहरी

स.प्र.नि.हरिभक्त निरौला सदस्य, सशस्त्र प्रहरी बल, नेपाल

अनुसन्धान अधिकृत चिरन कोइराला सदस्य, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय सप्तरी

वडाअध्यक्ष अरुण कुमार यादव सदस्य, राजविराज नगरपालिका सप्तरी (सम्बन्धित वडाको वडाअध्यक्ष)

रेडक्रस प्रतिनिधि नविन कुमार झा सदस्य, रेडक्रस सप्तरी ।

जनस्वास्थ्य निरीक्षक डम्बर लाल यादव सदस्य सचिव, स्वास्थ्य कार्यालय सप्तरी ।

- क्वारेन्टीनको सुरक्षा व्यवस्थापनको लागि जिल्ला सुरक्षा समितिसँग अनुरोध ।
- स्वास्थ्यकर्मी व्यवस्थापन सम्बन्धमा सम्बन्धित पालिकाको स्वास्थ्य शाखा प्रमुख मार्फत पालिकामा भएका स्वास्थ्यकर्मीहरुलाई पालो मिलाई खटाउन निर्देशन दिने ।
- सरसफाई र फोहोर व्यवस्थापन र सो को सुपरीवेक्षणका लागि आवश्यकता अनुसार जनशक्ति खटाउने वा सम्बन्धित पालिकाले नयाँ नियुक्ती गरी खटाउने ।
- सुरक्षाकर्मी, सफाई कर्मचारी तथा स्वास्थ्यकर्मीलाई बस्ने तथा खानपिन आदिका लागि पालिकाले छुट्टै कक्षको व्यवस्था मिलाउने निर्देशन दिने ।
- क्वारेन्टीन स्थलमा शुद्ध खानेपानी तथा खाना व्यवस्थापनका लागि सम्बन्धित पालिकालाई अनुरोध गर्ने ।
- सबै पालिकाहरुलाई किटनाशक औषधी छर्नका लागि आवश्यक व्यवस्था मिलाउन अनुरोध गर्ने ।

## मिति २०७६।१२।१८

- राजविराज २ स्थित ओम साई कृष्णा हस्पिटलमा संचालित क्वारेन्टीन तथा जिल्लाका सबै क्वारेन्टीनलाई निरन्तर सुधार गर्न मापदण्ड उपलब्ध गराउने तथा मापदण्ड बमोजिम संचालन भए नभएको अनुगमन गरी सुधारका लागि आवश्यक सहयोग गर्ने ।
- क्वारेन्टीनमा बस्दा बस्ने व्यक्तिहरुले पालना गर्नुपर्ने कुराहरुको सूची तयार पारी सबै क्वारेन्टीन स्थलमा राख्न लगाउने ।
- यस बैठकको निर्णय सबै सम्बन्धित वडाध्यक्षहरुलाई समेत जानकारी गराई सुधारका लागि प्रयास जारी राख्ने ।
- हरेक पालिकाको क्वारेन्टीनमा भएको सुरक्षा व्यवस्थाको पृष्ठपोष्ण लिई सुरक्षा व्यवस्था चुस्त राखिदिन सुरक्षा निकायलाई अनुरोध गर्ने ।
- स्वास्थ्यकर्मीको पर्याप्तता तथा सरसफाईको अवस्था र व्यवस्था पुनरावलोकन गरी चुस्त राख्न पालिकालाई अनुरोध गर्ने ।

## मिति २०७६।१२।२२

- विरगंजको क्वारेन्टीनबाट आएका ११ जना मुस्लिमहरुलाई राजविराज नगरपालिका वडा नं. ९ मलेठस्थित मदरसामा आई बसेकोमा निजहरुलाई तपशिलको संख्यामा आफ्नो पालिकाको क्वारेन्टीनमा पठाउने निर्णय गरियो ।

महादेवा ३, तिलाठीकोइलाडी ४, अग्नीसाईर कृष्णासवरण २, राजगढ २

## मिति २०७६।१२।२४

- १८ वटै स्थानीय तहका क्वारेन्टीनहरुको अध्ययन गरिएको बलान बिहुल गा.पा., खडक न.पा., हनुमाननगर कंकालिनी न.पा., राजविराज न.पा. तथा तिलाठी कोइलाडी गाउँपालिकाका क्वारेन्टीनहरु सन्तोषजनक पाइएको भएतापनि अन्य स्थानीय तहका क्वारेन्टीनहरुमा बेडिङ्गको व्यवस्था, शौचालय, स्नानकक्षको व्यवस्था, तथा शुद्ध पिउने पानी लगायतका कुराहरुको थप सुधार देखिएकोल मापदण्ड अनुसार सुधार गर्न सम्बन्धित पालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

## मिति २०७६।१२।२६

- सन्तोषजनक रुपमा संचालन नभएका क्वारेन्टीनहरुको स्थलगत अनुगमन गरी सुधारका लागि आवश्यक पक्षसँग समन्वय गर्ने निर्णय गरियो ।


## सप्तरी जिल्लास्थित स्थानीय तहका प्रमुख/अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य संयोजकहरुको विवरण

| क्र.सं. | स्थानीय तहको नाम | प्रमुख/अध्यक्षको नाम | सम्पर्क नं. | प्र.प्रशासकीय अधिकृतको नाम | सम्पर्क नं. | स्वास्थ्य संयोजकको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|
| १ | राजविराज नगरपालिका | शम्भु प्रसाद यादव | ९८५२८२१०४४ | मदन कुमार थापा | ९८५२८४२१११ | हरिवंश यादव | ९८१६७१३२७८ |
| २ | कञ्चनरुप नगरपालिका | वसन्त कुमार | ९८६२८१४८६१ | पुरुषोत्तम ढकाल | ९८५२८४४१११ | डम्वर प्रसाद गुप्ता | ९८५११२२३०० |
| ३ | डाक्नेश्वरी नगरपालिका | शिव नारायण साह | ९८५२८२१५५६ | बसन्त कुमार दास | ९८५२८२२६६५ | शिव शंकर ठाकुर | ९८०४७०३१४२ |
| ४ | बोदेबरसाईन नगरपालिका | आतेश कुमार सिंह यादव | ९८१९९१२६०० | घनश्याम यादव | ९८५२८२२००३ | वैजनाथ साह | ९८०४८१४५६० |
| ५ | खडक नगरपालिका | हेमायु हक | ९८११७६७७३० | इन्द्र देव यादव | ९८५२८५४०५४ | बिरेन्द्र कुमार दास | ९८५८२०९१७ |
| ६ | शम्भुनाथ नगरपालिका | योगेन्द्र प्रसाद चौधरी | ९८०३४८५४५८ | महेश कुमार यादव | ९८५२८४३१११ | रामनारायण देव | ९८२७७२९५५१ |
| ७ | सुरुङ्गा नगरपालिका | मुक्तिनाथ चौधरी | ९८५२८२१४२२ | सुरेश दाहाल | ९८५२८२१९८० | आनन्द प्रसाद चौधरी | ९८०४७५४९९९ |
| ८ | हनुमाननगर कङ्कालिनी न.पा. | शैलेश कुमार शाह | ९८०१०८९१२३ | सुरेन्द्र कुमार यादव | ९८५२८४६१११ | रामकुमार यादव | ९८६२८१०८७२ |
| ९ | सप्तकोशी नगरपालिका | उत्तम कुमार शर्मा | ९८४२८३१६९२ | ललन कुमार कर्ण | ९८५२८४५१११ | नागेश्वर महतो | ९८१६७९३२७९ |
| १० | अग्निसाइर कृष्णासरवन गा.पा. | पर्शुराम चौधरी | ९८०४७६०८४४ | धिरेन्द्र कुमार यादव | ९८२५७१७५५४ | जगेशवोर पर्साद खड्गा | ९८४२८८९८४३ |
| ११ | छिन्नमस्ता गाउँपालिका | सूर्यनारायण मण्डल | ९८१९९५९६१४ | खेमराज थापा | ९८५२८२१५६७ | मदनेश्वर चौधरी | ९८०४७४७०६१ |
| १२ | महादेवा गाउँपालिका | दिपक कुमार यादव | ९८४२८५२५९६ | रामलखन यादव | ९८१४७४७५१४ | वृहस्पति राम | ९८२४७२०७४१ |
| १३ | तिरहुत गाउँपालिका | हेमन्त कुमार बहडखेर | ९८५२८२१०७६ | निरज कुमार देव | ९८५२०२९७६२ | राजेन्द्र प्रसाद सुनरैत | ९८१७७११९४३ |
| १४ | तिलाठी कोईलाडी गापा. | सतिश कुमार सिंह | ९८५२८२१८४५ | राजु कुमार झा | ९८०४७३३२७० | शैलेश कुमार मिश्र | ९८४२८२००६७ |
| १५ | रुपनी गा.पा. | हरेराम यादव | ९८५२८२१०३४ | ललन कुमार यादव | ९८५२८२२१२३ | योगेन्द्र महासेठ | ९८५२८६०८८८ |
| १६ | राजगढ गाउँपालिका | परमानन्द यादव | ९८२४७३७३९२ | रमेश प्रसाद यादव | ९८५२८२३२११ | रामचन्द्र यादव | ९८०४७०८२५१ |
| १७ | बिष्णुपुर गाउँपालिका | लिलाम्बर यादव | ९८२४७६७८३० | रंजित जंग अधिकारी | ९८५२८२२५०० | ध्रुव नारायण देव | ९८०४००५६४९ |
| १८ | बलान-बिहुल गाउँपालिका | नाम दयानन्द गोइत | ९८५२८२१५२८ | राम सुन्दर थापा | ९८५२६६०६०६ | मो नसिम राईन | ९८१७७७१४०८ |

## जिल्लामा संचालित एम्बुलेन्सहरुको विवरणः

| क्र.सं. | जिल्ला | चालकको | | एम्बुलेन्सको धनी (निकाय) |
|---|---|---|---|---|
| | | नामथर | फोन नं. | |
| १ | सप्तरी | मो.जवाहिर | ९८१६७२७१५० | गलोवल बहूउदेश्यि सहकारी संस्था |
| २ | सप्तरी | | ९८५२८२००१७, ०३१५२२८२९ | सर्वेदय संहकारी औषधी लि. |
| ३ | सप्तरी | दिनेश सिंह | ९८४२८२३३६३, ९८५२८२१२९० ९८४१५०६२८८ | जे.पि.लेहिया रामेश्वर मेमोरियल ट्रस्ट |
| ४ | सप्तरी | | ९८०४७८६०७२, ०१३५२०५१८ | अलतकवा संहकारी संस्थ लि. |
| ५ | सप्तरी | विजय कुमार देव | ९८४२८२२२६१ | राजविराज नगरपालिका |
| ६ | सप्तरी | जोगेन्द्र भगत | ९८४२८२२०४३ | नेपाल रेडक्रस सोसाइटी |
| ७ | सप्तरी | | ९८०४७२२२८४, ९८४१४८५१९७ ०१३४५०२२८ | समूदायीक स्वास्थ्य हेरचार सहयोग केन्द्र |
| ८ | सप्तरी | डाविक्रम साह. | ९८४००१८४६७ | प्रा.स्वा.केन्द्र कल्याणपूर |
| ९ | सप्तरी | सूधिर कर्ण | ९८४२८३२७७७ | प्रा.स्वा.केन्द्र कडरबोना |
| १० | सप्तरी | महेश कूमार चौधरी | ९८१५७५१८१३ | प्रा.स्वा.केन्द्र कन्चनपूर |
| ११ | सप्तरी | | ०३१५६०४७७, ०३१५६०३३७ | दन्तकालि शस्त्र प्रहरी वल |
| १२ | सप्तरी | | ३१५२०२९० | जेपि लोहिया मेमोरीयल ट्रस्ट |
| १३ | सप्तरी | प्रदिप यादव | ९८०७७८१६०७ | स्वास्थ्य चौकी वनैनिया |
| १४ | सप्तरी | जय प्रकाश ठाकुर | ९८५२८२०००७, ९८४२९००१७७ | यूनिक कलेज |
| १५ | सप्तरी | महेन्द्र यादव | ९८०४७४४५५८ | बोरिया गा.वि.स. |
| १६ | सप्तरी | विद्यानन्द चौधरी | ९८१४७१८३७५ | मानव विकास समाज स्वास्थ्य सेवा |
| १७ | सप्तरी | प्रदिप यादव | ९८०१५४९६०५ | जन ज्योति कृषि सहकारी संस्था लि. |
| १८ | सप्तरी | राज कूमार राउत | ९८४२८४१८६० | ध्रूव वादूर राउत जन सेवा मेमोरियल ट्रस्ट |
| १९ | सप्तरी | उमेश गोहित मान यादव | ९८१५३६७४०१ | बच्चा लाल गोहित मान स्मृति प्रतिष्ठान |
| २० | सप्तरी | शम्भू वहादूर खडका | ३१५५०१४४ | त्रियूगा संहकारी संस्था लि. |
| २१ | सप्तरी | राज कुमार चौधरी | ९८१५७८४१९५ | राजम्या विकास स्वास्थ्य सेवा |
| २२ | सप्तरी | मो.मूहमूद | ९८०१५०२१८८ | डा श्री संजय कूमार फाउण्डेशन. |
| २३ | सप्तरी | भोला रमन उप्रेति | ३१५२१७५१ | गलोवल सहकारी संस्था लि. |
| २४ | सप्तरी | मो.नसिम राइन | ९८१७७७१४०८ | चान्दनि पोलि क्लिनिक प्रा.लि. |
| २५ | सप्तरी | अशोक साह | ९८०४७२६०९७ | सूरक्षा पोली क्लिनिक |
| २६ | सप्तरी | महेश कुमार चौधरी | ९८६२९७७८२० | सलाम कृषि सहकारी संस्था लि. |
| २७ | सप्तरी | हरि यादव | ९८०५९०४०४० | कूलानन्द झा स्मृति प्रतिष्ठान |
| २८ | सप्तरी | रामदेव चौधरी | ९८१४७७५८५९ | छैदी पार्वति ट्रस्ट |
| २९ | सप्तरी | राम चन्द्र यादव | ९८०६६४०२६५ | जानकी समूदायिक समिति |
| ३० | सप्तरी | दिनेश झा | ९८४२८२२९६७, ९८१४७७९९३५ | स्वास्थ्य चौकी वनरझुला |
| ३१ | सप्तरी | राम विलास साह | ९८०४८५७४८१ | गलोवल मिसन नेपाल |
| ३२ | सप्तरी | ललन कूमार दास | ९८४२८७६२८६ | पाथिभरा वचत तथा ऋण सहकारी |
| ३३ | सप्तरी | रविन्द्र झा | ९८१९७०२००२ | वि.पि.विचार समाज |
| ३४ | सप्तरी | कासिन्द्र यादव | ९८१९९५३५९२ | स्वास्थ्य चौकी पत्थरगाडा |
| ३५ | सप्तरी | सुरेन्द्र यादव | ९८०४७२७७५३ | स्वास्थ्य चौकी पातो |

| | | | | |
|---|---|---|---|---|
| ३६ | सप्तरी | राजेन्द्र सुनरैत | ९८१७७११९४३ | स्वास्थ्य चौकी त्रिकौल |
| ३७ | सप्तरी | संजय कुमार यादव | ९८०१५०२००० | मा तपेश्वरी फाउण्डेशन |
| ३८ | सप्तरी | मदनेश्वर चौधरी | ९८०४७४७०६१ | छिन्नमस्ता गा.पा. |
| ३९ | सप्तरी | अमरेन्द्र कुमार देव | ९८१९९८३४७६ | तिलाठी कोइलाडी गा.पा. |
| ४० | सप्तरी | ओम प्रकास यादव | ९८४२८८९८४३ | अग्निसाईर कृष्णासवरन गा.पा. |
| ४१ | सप्तरी | वृहस्पति राम | ९८१९९५३५९२ | महादेवा गा.पा. |
| ४२ | सप्तरी | नरेश देव | ९८२४७७९२९४ | जनमूखि वहूमूखि सहकारी संस्था लि. |
| ४३ | सप्तरी | ओम चौधरी | ९८१६७४५७५५ | सतौनि देवी ट्रस्ट |
| ४४ | सप्तरी | महेन्द्र यादव | ९८०४७४४५५८ | यूवा शसक्तिकरण नेपाल |
| ४५ | सप्तरी | फैयाज अंसारी | ९८१६७७०५५५ | मुदि मोहरम |
| ४६ | सप्तरी | महिनरायण यादव | ९८४२८२१९२८ | नव ज्योति सहकारी संस्था |




# हात धुने उत्तम तरिका के हो?

भाइरसका सबै अवशेष नष्ट गर्न सामान्य धोई पखाली पर्याप्त हुँदैन । हात धुने विस्तृत तरिका निम्न छ :

- बगिरहेको पानीमा हात भिजाउने,
- भिजेको हातमा मनग्गे साबुन लगाउने,
- हत्केलाको पछाडि, औंलाको बीच, नङको भित्र लगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग मिच्ने,
- बगिरहेको पानीले राम्ररी हात पखाल्ने,
- सफा कपडा वा एकपटक मात्र प्रयोग गरिने तौलियाले हात सुकाउने ।


# फोटो ग्यालरी


कार्यालयको अत्यावश्यक काममा खटिएको टोली



जिल्ला सुरक्षा समितिको बैठक




बजार तथा क्वारेन्टीन अनुगमन



RDT को लागि Sample Collection गर्दै स्वास्थ्यकर्मी


साई कृष्ण अस्पतालको क्वारेण्टीन





जिल्ला प्रशासन कार्यालय सप्तरीलाई मारवाडी सेवा समाजद्वारा सेनिटाइजिङ्ग बुथ हस्तारण पश्चात श्रीमान् प्र.जि.अ. लगायत सामूहिक तस्वीर खिचाउनु हुँदै ।



**सामाजिक दुरी कायम गरौ**

**कोरोना भाइरसको संक्रमणबाट आफु पनि बचौ र अरुलाई पनि बचाऔ ।**




## खोक्दा वा हाछ्युँ गर्दा नाक र मुख ढाक्नुहोस

खोक्दा वा हाछ्युँ गर्दा आफ्नो नाक र मुख ढाक्ने । त्यसपछि तुरून्तै कम्तिमा पनि २० सेकेण्ड सम्म साबुनपानीले मिचिमिची हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने ।

### जनहितमा जारी जनचेतनामूलक सन्देश

**आफू सुरक्षित रहौं,**
**अरूलाई पनि सुरक्षित राखौं ।**

**के गर्ने ?**

१ पटक-पटक हात धुनुहोस् । तपाईंको हात फोहोर नदेखिए पनि अल्कोहलमा आधारित ह्यान्डवास वा साबुन पानीले सफा गर्नुहोस् ।

२ कोरोना भाइरस खोक्दा र हाच्छ्युँ गर्दा निस्कने छिट्टाको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने हुँदा खोक्दा र हाच्छ्युँ गर्दा आफ्नो नाक, मुख टिस्यु पेपर वा रुमालले ढाक्नुहोस् ।

३ टिस्यु पेपर प्रयोग गर्नासाथ तुरुन्त बन्द भाँडोमा फ्याँक्नुहोस् ।

४ यदि तपाईंलाई ज्वरो, खोकी वा श्वासप्रश्वासमा कठिनाई छ भने तुरुन्त चिकित्सकलाई सम्पर्क गर्नुहोस् । चिकित्सकसँग भेट्दा आफ्नो नाक र मुख ढाक्ने गरी मास्क वा कपडाको प्रयोग गर्नुहोस् ।

५ भिडभाड हुने स्थानमा नजानुहोस् ।

**के नगर्ने ?**

१ यदि तपाईंलाई खोकी, ज्वरोको अनुभव भएमा अरू कसैको नजिक नजानुहोस् ।

२ आफ्नो नाक, मुख र आँखा नछुनुहोस् ।

३ सार्वजनिक स्थानमा नथुक्नुहोस् ।

**तपाईं हामी सबै मिलेर कोरोना भाइरसविरुद्ध लड्न सक्छौं ।**


<u>प्रकाशक</u>

नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय सप्तरी

कोभिड-१९ संकट व्यवस्थापन केन्द्र


**Email :- daosaptari1@gmail.com**